मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २ गते सोमबार ❑ 18 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकीमा आठ सय जनामा डेङ्गु सङ्क्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

गण्डकी प्रदेशमा गत पुसयता डेङ्गु सङ्क्रमित हुनेको सङ्ख्या आठ सय ११ पुगेको छ । पछिल्लो तीन सातामा मात्र दुई सय दुई जनामा उक्त रोगको सङ्क्रमण पुष्टि भएको छ ।

प्रदेशको स्वास्थ्य मन्त्रालयको आँकडाअनुसार सबैभन्दा बढी कास्कीमा चार सय ४१, तनहुँमा एक सय २०, लमजुङमा ९३, गोरखामा ५८, बागलुङमा ३२, स्याङ्जामा ३२, पर्वतमा २०, म्याग्दीमा १०, नवलपुर चार र मुस्ताङमा जम्मा एक जनामा डेङ्गु रोग देखिएको हो । मनाङ जिल्लामा यस वर्ष अहिलेसम्म डेङ्गु देखिएको छैन । प्रदेशभरमा पुष्टि भएका सङ्क्रमितमध्ये आधाभन्दा बढी बिरामी कास्कीको पोखरा महानगरपालिकाका हुन् । पोखरामा हालसम्म चार सय ३२ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । पछिल्लो तीन सातामा पोखरामा एक सय २९ जना डेङ्गी सङ्क्रमणका बिरामी थपिएका थिए । प्रदेशको राजधानी पोखरा गत वर्ष डेङ्गुको 'हटस्पट' बनेको थियो । उक्त वर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार छ सय जनाभन्दा बढीमा डेङ्गु सङ्क्रमण भएको थियो । डेङ्गु सङ्क्रमणबाट पोखराका तीन जनाको मृत्यु भएको थियो ।

साउनदेखि कात्तिकसम्म डेङ्गु सङ्क्रमण बढ्ने जोखिम उच्च रहने भएकाले आगामी दिनमा सङ्क्रणको दर बढ्दै जाने अनुमान छ । डेङ्गु न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयलगायत सम्बन्धित निकायले सक्रियता बढाएका छन् । स्थानीय तहले डेङ्गु रोग फैलन नदिन डेङ्गु सार्ने लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गरिरहेका छन् ।

डेङ्गु फैलाउने लामखुट्टेको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्ट गर्नुपर्ने स्वास्थ्यकर्मीको सुझाव छ । 'एडिस एजिप्टाइ' जातको पोथी लामखुट्टेको टोकाइबाट डेङ्गु सर्ने गरेको छ ।

## दातृ निकाय फर्किंदा ३० हजार बेरोजगार

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

नेपालमा २२ वटा दातृ निकाय निष्क्रिय हुँदा करिब ३० हजार जना बेरोजगार हुनु परेको गैरसरकारी संस्था महासंघ (गैसस महासंघ) ले जनाएको छ ।

कोभिड पछि विश्व अर्थतन्त्रमा परेको असरसंगै नेपाल विकासउन्मुख देशमा जाने तयारी स्वरुप केही दातृ निकायले नेपालमा निष्क्रिय रुपमा रहेकोले त्यसको असर प्रत्यक्ष रुपमा पर्ने हाल करिब ३० हजार जना बेरोजगार हुनु परेको केन्द्रीय अध्यक्ष अर्जुन भट्टराईले बताउनु भयो । यसबाट मात्रै करिब ६५० मिलियन अमेरिकी डलर गुमेको



दाबी गर्दै उहाँले उक्त विकल्पमा स्वदेशमा धेरै कार्यक्रमहरु ल्याउनु पर्ने अबस्था सृजना भएको आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउनु भयो । अध्यक्ष भट्टराईले ४ सय क्षेत्रका योजना प्रभावित भएको दाबी गर्दै अध्यक्ष भट्टराईले त्यसको विकल्पको रूपमा सामाजिक उद्यमशीलता र विकास सम्मेलन आवश्यकता भएको जोड दिनुभयो । "नेपालको आँखा उपचार क्षेत्रमा मात्रै ९९ प्रतिशत सेवा र उपकरण दातृ निकायमै निर्भर छन्," अध्यक्ष भट्टराईले भने, "यदि यो अवस्था २०२६ सम्म रह्यो भने लाखौं नेपाली प्रभावित हुनेछन् । त्यसैले नाफाको एक प्रतिशत सामाजिक क्षेत्रमा खर्च गर्ने कानुन बनाएर कार्यान्वयन गर्न जरुरी छ ।"महासंघले अब आन्तरिक सुदृढीकरणलाई प्राथमिकता दिंदै गैरराजनीतिक, समतामूलक र सहयोगी छाता संगठन निर्माण गर्ने घोषणा गरेको छ । पारदर्शी र जवाफदेही संस्था निर्माण, सशक्त सचिवालय र डिजिटल उत्कृष्टता, दिगो वित्तीय व्यवहारिकता, नेतृत्वमा समावेशिता र सदस्य संस्थाको वर्गीकरण, वातावरणमैत्री कागजरहित प्रणाली, जिम्मेवार र नैतिक एआई प्रयोग, ऐन ल्याउने सुनौलो अवसर आगामी कार्ययोजना रहेको अध्यक्ष भट्टराईले जनाउनु भयो । कार्यक्रममा महासंघ गण्डकीका अध्यक्ष गोपाल खड्का, उपाध्यक्ष पदमराज पहारी, सचिव शिव शर्मा लगायतले पनि सामाजिक संघ-संस्थाको सुदृढीकरण र भविष्यबारे विचार प्रस्तुत गर्नुभयो ।

## पोखरामा गड्यौला मल उत्पादनमा महिलाहरु जुट्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

पोखरामा व्यावसायिक गड्यौला मल उत्पादन गर्न महिलाहरु जुट्नु भएको छ । पोखरा महानगरपालिका-११ की लक्ष्मी अधिकारी र टीकामाया मगर व्यावसायिक रुपमा गड्यौला मल उत्पादनमा जुट्नु भएको हो ।

निलबाराही कृषि तथा भर्मी कम्पोष्ट एग्रो फर्म सञ्चालन गर्दै आउनुभएका उहाँहरुले गड्यौला मलसँगै फलफुल तरकारी गरी आत्मनिर्भर बन्नुभएको छ । पछिल्लो समय गड्यौला मलको माग बढेसंगै आफुहरुले यस व्यावसायलाई अघि बढाएको लक्ष्मी अधिकारीले बताउनु भयो । हाल उहाँहरूले आफ्नै फर्ममार्फत प्रति किलो रु ५० मा गड्यौला मल बिक्री गर्दै आउनुभएको छ । सुरुमा थोरै क्षेत्रफलमा गरिएको खेती अहिले करिब डेढ रोपनीमा विस्तार भइसकेको छ ।

भक्तपुरको बोडेबाट गड्यौला ल्याएर डड्यौला मल उत्पादन गर्दै आउनुभएका अधिकारी र मगरले प्रत्येक



तीन महिनामा मल तयार पार्नु हुन्छ । हालसम्म एक याममा करिब एक हजार किलो उत्पादन हुने गरेकोमा क्षेत्र विस्तारसँगै अब दुई हजार किलोसम्म उत्पादन गर्ने लक्ष्य उहाँहरुको छ । उक्त गड्यौला मल उत्पादन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कार्यान्वयन एकाइ कास्कीबाट चार लाख सहयोग समेत प्राप्त भएको छ । परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख माधवप्रसाद लम्सालका अनुसार गड्यौला मल प्राङ्गारिक खेतीका लागि अत्यन्त उपयोगी मानिन्छ । उहाँका अनुसार खासगरी कौसी खेती गर्ने वा सानो क्षेत्रफलमा खेती गर्नेका लागि रासायनिक मलको विकल्पका रुपमा यसको प्रयोग बढ्दो छ । अधिकारी भन्नुहुन्छ, "पछिल्लो समय पोखरामा कौसी खेतीको चलन बढ्दै गएको छ । थोरै मात्रामा कौसी खेती गर्नेका लागि गड्यौला मल रोजाइमा परेको छ ।" गड्यौलाले पचाएर उत्पादन गर्ने मलमा एन्टिबायोटिक, भिटामिन र हर्मोनजस्ता तत्त्व पाइने भएकाले अरु मलभन्दा गुणस्तरीय हुने विज्ञहरु बताउनु हुन्छ । घरमा बसि राख्दा केही गरौं भनेर दुई जना साथीहरु मिलेर करिब २५ लाख लगानी गरी विगत दुई बर्ष देखि यस व्यवसायीमा अधिकारी र मगर लाग्नु भएको हो । यस मलमा नाइट्रोजन, फस्फोरस र पोटास सामान्य माटोभन्दा धेरै मात्रामा पाइने भएकाले खेतीबालीका लागि अझ प्रभावकारी हुने बताइन्छ । यही सम्भावना देखेर आफूहरू व्यावसायिक गड्यौला मल उत्पादनमा होमिएको टीकामाया मगरले बताउनुभयो । "रासायनिक मलको तुलनामा गड्यौला मलले उत्पादन राम्रो दिन्छ । पहिले यसबारे जानकारी कम भएकाले प्रयोग गर्न हिचकिचाउने गरिएको थियो, अहिले भने यसको माग अत्यधिक बढेको छ ।" उहाँले भन्नुभयो । हाल पोखराका केही किसानले धान, गहुँ, उखु र तरकारीमा गड्यौला मल प्रयोग गर्दा राम्रो नतिजा पाएको अनुभव सुनाउनु भएको उहाँहरुले बताउनु भयो । अधिकारी भन्नुहुन्छ, "अहिले मागअनुसार उपलब्ध गराउन समेत कठिनाइ भइरहेको छ । विशेष गरी तरकारी र फूल उत्पादन गर्ने किसान यस मलप्रति बढी आकर्षित हुनु भएको छ ।"यसैबिच केही समय अघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कार्यान्वयन एकाइ कास्कीको टोलीले उक्त गड्यौला मलको अनुगमन समेत गरेको थियो ।

## कला, संस्कृतिको संरक्षणमा सबै पक्ष लाग्नुपर्ने मन्त्री थापाको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

पोखराको बाटुलेचौरमा भएको श्री कृष्ण राष्ट्रिय भजन प्रतियोगितामा बाटुलेचौरको बडहरवोट भजन समुह प्रथम भई नगद १ लाख र प्रमाणपत्र प्राप्त गरेको छ ।


शुक्ला साहित्य प्रतिष्ठानले श्री कृष्ण जन्माष्टमीको अवसरमा आयोजना गरेको २६ औं संस्करणको प्रतियोगितामा द्वितीय तनहुँ,शुक्ला गण्डकीको महेश्वर खनाल भजन समुह, तृतीय हेम्जाको मातृकेश्वर भजन समुह भएको छ । त्यस्तै धादिङको भद्रकाली खैंजडी भजन समुह र पर्स्याङको धर्मस्थली भजन समुह सान्त्वना भए । उनीहरूलाई क्रमशः नगद ७५ हजार र प्रमाणपत्र,५० हजार र प्रमाणपत्र, र २५ हजार र प्रमाणपत्र प्रदान गरिएको प्रचार प्रसार संयोजक सञ्जय थापाले जानकारी दिए। प्रतियोगितामा तनहुँ, स्याङ्जा, धादिङ लगायतका विभिन्न जिल्लाबाट १६ टोलीले सहभागिता जनाएका थिए। सहभागी टिमलाई प्रोत्साहन स्वरुप जनही नगद ५ हजार र सहभागीताको प्रमाणपत्र प्रदान गरिएको छ । सहभागी भजन टोलीको प्रस्तुती मुल्यांकन भने लोकदोहोरी क्षेत्रका कलाकारले गरेका थिए । लोकदोहोरी गायक जीवन दाहाल, तारापति सुवेदी, सरला लामिछाने 'सरू' र प्रेमराज




अधिकारीले मुल्यांकन गरेका हुन्। नतिजाको घोषणा लोकदोहोरी गायक जीवन दाहालले गरेका थिए। यसअघि कार्यक्रमको उद्धाटन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले पोखराा प्राकृतिक, सांस्कृतिक र कलाले भरिपूर्ण शहर भएको बताउँदै, कला, साहित्य र संस्कृतिको कुनै सिमा नहुने बताए । उनले यस किसिमका संस्कृति संरक्षणमा सबै पक्ष लाग्नुपर्नेमा जोड दिए। यस किसिमका कार्यका लागि प्रदेश सरकार र आफ्नो मन्त्रालय जहिले पनि सहयोग गर्न तयार रहेको मन्त्री थापाले स्पष्ट पारे ।

त्यस अवसरमा मन्त्री थापाले आफ्नो तर्फबाट १६ नम्वर वडाको विकासमा गरेको फेहरिस्त समेत सुनाएका थिए । प्रतिष्ठानका मानार्थ सदस्य रामबहादुर बानियाँले प्रतिष्ठानले हालसम्म गरेका कार्य र उद्देश्यका बारेमा जानकारी गराउँदै, साहित्य, कला र संस्कृति बुझेको व्यक्तिले मात्र गण्डकी प्रज्ञा प्रतिष्ठान हाँक्न सक्ने बताए ।

मन्त्री थापाले कार्यक्रमका लागी प्रतिष्ठानलाई सहयोग गर्ने विभिन्न संघ संस्था र व्यक्तिलाई प्रमाणपत्र प्रदान गरे । प्रतिष्ठानका अध्यक्ष एवं कार्यक्रम संयोजक दुर्गादेवी बस्नेत गौतमले कला, संस्कृति र साहित्यको विकासका लागि संस्थाले निरन्तर कार्य गरिरहेको बताईन् । कार्यक्रममा कोशी प्रदेशका पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी', संस्कृतिविद् डा जगमान गुरुङ, प्रदेश सभाका पुर्व सदस्य प्रभा कोईराला, पूर्व मेयर एवं एमालेका केन्द्रीय सदस्य कृष्ण थापा, पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, वरिष्ठ लोक गायिका हरिदेवी कोईराला, सर्जक रामबहादुर कोईराला, गण्डकी प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति सुर्य खड्का 'विखर्ची', एमाले नेता तेजनारायण अधिकारी, विभिन्न वडाका जनप्रतिनिधिको सहभागिता रहेको थियो । प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष गिता भट्टराई भण्डारी र संचालन सचिव रामप्रसाद पौडेल'घर्मेली' ले गर्नुभएको थियो। कार्यक्रम हेर्न त्यस आसपासका विभिन्न क्षेत्रबाट उल्लेख्य रूपमा दर्शक सहभागी भएका थिए ।

# श्रीकृष्ण प्रणामीमा श्रीकृष्ण प्रकाट्य महामहोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा श्रीकृष्ण प्रकाट्य महा महोत्सव सम्पन्न भएको छ । हरेक वर्ष कृष्ण जन्माष्टमीको अवसरमा आयोजना हुँदै आएको महोत्सव यस वर्षपनि निरन्तरता दिएको हो ।

महोत्सवमा पुगेका पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरमा कृष्ण मन्दिरको रुपमा परिचित गराउनका लागि पोखरा महानगरले साथ र सहयोग गर्ने बताए। पोखरा महानगरभित्र तीन वटा श्रीकृष्ण मन्दिर रहेको र पोखरामा श्रीकृष्ण मन्दिर कहाँ छ भनेर एकिन गर्ने अवस्था नरहेको अवस्थामा पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण मन्दिरलाईनै कृष्ण मन्दिर हो भनी चिनाउनका लागि महानगरको तर्फबाट पहलकदमी गर्ने बताए । बिगत ३४ वर्षदेखि सञ्चालन र ब्यवस्थापन गर्दै आइरहेको श्रीकृष्ण प्रणामी मन्दिरले पोखरामा धार्मिक पर्यटक भित्र्याउनका लागि आयोजना गर्न लागेको १०८ तारतम सागर पाठ पारायण कार्यक्रम मार्फत




पोखरामा धार्मिक पर्यटन प्रवर्द्धन हुने र त्यसमा महानगरको तर्फबाट समेत साथ र सहयोग रहने उनको भनाइ रहेको थियो ।

त्यस्तै कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले धार्मिक कार्यक्रम मार्फत समाजमा सकारात्मकता प्रदान गर्ने बताइन । धार्मिक कार्यक्रमले मानिसलाई समाजमा सकारात्मक कार्य गर्न उत्सुक बनाउने भएकाले मानिसमा सुख समृद्धि र आनन्द प्राप्त भइ द्धन्द्ध हिंसा जस्ता घटनाहरु समेत नहुने उनको भनाइ रहेको थियो ।

श्रीकृष्ण प्रणामी मन्दिरले गत असार ३१ देखि साउन ३१ गते सम्म एक महिने श्रीकृष्णवीतक चर्चा तथा श्रीकृष्ण कथा प्रवचन सम्पन्न भइ कृष्ण अष्टमीको दिन श्रीकृष्ण प्रकाट्य महा महोत्सवको आयोजना गरिएको श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन ढकालले जानकारी दिए । अध्यक्ष ढकालका अनुसार पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा आगामी दिनमा मन्दिरभित्र सिसमहल निर्माण गर्ने र त्यसका लागि गण्डकी प्रदेश सरकारले आर्थिक सहयोग प्रदान गरेको समेत बताए । त्यतिले मात्र पर्याप्त नहुने बताउदै ढकालले श्रीकृष्ण प्रणामी मन्दिरको भौतिक संरचना निर्माणमा पोखरा महानगरको समेत साथ र सहयोग आवश्यक रहेको बताए । आगामी वर्ष असोज महिनामा १०८ तारतम सागर पाठ पारायण कार्यक्रमको आयोजना गरि करिब पाँच लाख धार्मिक पर्यटक श्रीकृष्ण प्रणामी मन्दिरमा ल्याउने योजना रहेको समेत ढकालले बताए । श्रीकृष्ण प्रकाट्य महा महोत्सवमा एस के डान्स स्कुलको तर्फबाट विभिन्न कृष्ण सम्बन्धी नृत्यहरु प्रस्तुती संगै बाइजुराज महिला समितिको तर्फबाट समेत नृत्य प्रस्तुती रहेको मन्दिरका सचिव लक्ष्मण बरालले जानकारी दिए । बरालका अनुसार एक महिना सम्म सञ्चालित श्रीमदवीतकमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका साध्वी उर्वशी माताजीको मुखारविन्दु बाट संगीतमय कथा प्रवचन सम्पन्न भएको थियोभने संगीतमय कथा प्रवचनमा गायक तथा बाध्यवाधक सुनिल राइ र अनुपम भुजेलले साथ दिएका थिए । उक्त एक महिने श्रीमदवीतक चर्चामा हजारौं भक्तजनहरुको उपस्थिती रहेको समेत सचिव बरालले जानकारी दिए । महा महोत्सवमा संस्थाका उपाध्यक्ष गोपाल ठकुरीले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रम संयोजक केशव प्रसाद बरालले धन्यवाद मन्तब्य राखेका थिए । महा महोत्सवको अवसरमा एमआरआर टीम पोखराद्धारा प्रस्तुत गरिएको भजनमा भक्तजनहरु झुमेका थिए भने केदारेश्वर मन्दिरको तर्फबाट महा आराती समेत प्रस्तुत गरिएको थियो ।

# पोउवासंघका सदस्यलाई युआरएलमा ३५ प्रतिशत छुट

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

पोखरा उद्योग वाणिज्य संघका सदस्य र उनीहरुका परिवारले स्वास्थ्य प्रयोगशालामा छुट पाउने भएका छन् ।

संघ र युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) बिच पाँच वर्षसम्म रगतसहितका जाँचमा ३५ प्रतिशट छुट दिने सम्झौता भएको हो ।

सम्झौतमा संघका अध्यक्ष गोकर्ण कार्की र युआरएल अध्यक्ष ठकुरप्रसाद पन्थले आइतबार हस्ताक्षर गरेका छन् । संघका सदस्य र उनीहरुका परिवारले पोखराको न्युरोडमा रहेको युआरएलको प्रधान कार्यालयसहित युआरएलका सबै शाखाबाट परिचयपत्रका आधारमा छुट पाउनेछन् । भदौ १ बाट सुरु भएको सम्झौता २०८७ साउन मसान्तसम्म कायम हुनेछ ।

संघ पोखराको अग्रणी संस्था हो भने युआरएल गण्डकी प्रदेशकै पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त स्वास्थ्य प्रयोगशाला हो । युआरएल



अध्यक्ष पन्थले पछिल्लो क्रममा बेला बेलामा आफैं रक्त परीक्षण गराउने चलन बढेको जनाउँदै पोखरेली उद्योगी, व्यवसायीको हितका लागि सम्झौता भएको बताए ।

'खासगरी कोभिडपछि बेला बेलामा सेल्फ टेस्ट गराउने चलन बढेको छ,' अध्यक्ष पन्थले भने, 'पोखराका उद्योगी, व्यवसायी र उहाँहरुको परिवारलाई स्वास्थ्य जाँचमा प्रोत्साहन र सहजताका लागि सहकार्य गरेका हौं ।' १२ वर्षअघि स्थापना भएको युआरएलले सामाजि उत्तरदायित्व वहन गर्दै आफैं र विभिन्न संघसंस्थासँग सहकार्य गरी अहिलेसम्म २ सय ५ वटा निशुल्क रक्तजाँच शिविर गरिसकेको छ ।

# चीनसँग जोड्ने नाका चाँडो सञ्चालन गर्ने प्रयासमा छौं: मन्त्री दाहाल

**रासस**
काठमाडौं, १ भाद्र

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले रसुवागढी सडक चाँडो मर्मत र केरुङ नाका सञ्चालन गरी व्यापारमा सहजीकरण गर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले आज यहाँ आयोजना गरेको छलफलमा उहाँले बर्सातका समयमा अन्तरदेशीय कोदारी राजमार्ग, रसुवागढीलगायत अन्य सडकको अवस्था र चाडपर्वको पूर्वसन्ध्यामा सडक यातायात र सडक पूर्वाधारको अवस्थाबारे चर्चा गर्दै जतिसक्दो छिटो सडक मर्मतको काम गरिने बताउनुभएको हो । यही असार २४ गते बिहान हिमताल विस्फोटका कारण रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएपछि पुल बग्दा केरुङ नाका अवरुद्ध भएको छ । "पुलसँगै रसुवागढी सडक निर्माणको काम पनि सम्पन्न गर्नुपर्छ । पुल बनेर बाटो बनेन भने नाकामा रोकिएका सामानहरू नेपाल ल्याउन सकिँदैन", मन्त्री दाहालले भन्नुभयो, "बाढीका कारण रोकिएका सामानलाई कसरी नेपाल ल्याउने भनेर पनि हामीले प्रयास गरेका छौं ।" उहाँले उत्तर-दक्षिण राजमार्ग निर्माणको काम पनि चाँडो सम्पन्न गरिने बताउनुभयो । मन्त्री दाहालले वातावरणमैत्री सडक निर्माण गरिने र नयाँ सडक निर्माणको क्रममा सडक सुरक्षाको नीति लागू गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । "बाढी, पहिरोजस्ता विपद्का समय र छिटो-छरितो यात्राका लागि सुरुङमार्ग उत्तम विकल्प हो, तर बजेट अभावका कारण यस्ता योजना कार्यान्वयनमा चुनौती छ" उहाँले भन्नुभयो ।

समितिका सभापति दीपकबहादुर सिंहले दसैं-तिहार जस्ता चाडपर्वलाई मध्यनजर गर्दै चीनसँग जोडिएका नाका चाँडो सञ्चालन गर्न आग्रह गर्नुभयो । "चीनबाट लुगा-कपडाभित्रने भएकाले सस्तो पनि पर्छ । दसैं-तिहारलाई महँगो नबनाउन पनि रोकिएका सामान नेपाल ल्याउने व्यवस्था चाँडो गर्नुपर्छ", उहाँले भन्नुभयो। सांसद माधव सापकोटाले चाडपर्वको मुखमा चीनसँगै जोडिएका दुवै नाका बन्द रहेकाले बाटो नखोले चाडपर्व महँगो हुने बताउनुभयो । सांसद प्रकाश ज्वालाले सडकको पहिरो छिटो व्यवस्थापन गरेर सञ्चालन ल्याउन आग्रह गर्नुभयो ।

बैठकमा सांसद निशा डाँगी, मैना कार्की, शक्तिबहादुर बस्नेत, गीता गुरुङ, बीना लामालगायतले अवरुद्ध सडक चाँडो सञ्चालनमा ल्याएर सहजता प्रदान गर्न सरकार गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो । मन्त्रालयका सचिव केशवकुमार शर्माले केरुङ नाकामा रोकिएका जरुरी सामानलाई वैकल्पिक माध्यमबाट नेपाल ल्याउने विषयमा तयारी भइरहेको जानकारी दिनुभयो ।

# माझठानामा बास्तोला बन्दुको सामुहिक दर खाने कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

नेपाली नारीहरुको महान पर्व हरितालिका तिज पर्व पछिल्लो समय सामुहिकरुपमा मनाउन थालिएको छ ।

वेदनाका स्वरहरु गुञ्जने तिज पर्वमा पछिल्लो समय मुलुकमा आएको परिवर्तनसंगै सामुहिक दर खाने र महिला हक अधिकारका बारेर चर्चा गर्ने प्रचलन बढेको हो । पोखरा महानगरपालिका वडा नं. २८ पहेरेपानी स्थित वास्तोला कुल सेवा समितिको ट्रृष्ट भवनमा वन्दु समाजले तिज पर्वको उपलक्ष्यमा आयोजना गरेको कार्यक्रममा जम्मा भएका महिलाहरुले सामुहिक दर खाएर, नाच गान गर्दै पर्व मनाएका थिए । कार्यक्रममा आफन्त भएर



पनि विवाह गरेर वाहिर गएका कतिपय वसाई सराईको कारण लामो समयसम्म भेटघाट नभएका हजुर आमादेखि नातिनीसम्म तीन पुस्ताको जमघट भएको थियो । सो अवसरमा दाजुभाई मिलेर पुलाउ, सादा भात, पिढालुको गावा, तामा, पनिर जस्ता अगानीक तरकारी सहित दरमा समावेश गरिएको थियो ।

कुलसेवा समितिका सल्लाहकार एवम् सञ्चारकर्मी हरिप्रसाद बास्तोलाले तिज पर्वको सवैमा शुभकामना व्यक्त गर्दै सामुहिक तिज मनाउने संस्कार दिदी वहिनी बीच एक आपसमा भेटघाटको पर्वका रुपमा विकसित भएको बताउनुभयो । ग्रामीण क्षेत्रमा हुने यस्ता कार्यक्रमले मौलिक र अर्गानीक खानाको स्वाद चखाउनुको साथै एक आपसमा आत्मियता अभिवृद्धि हुनेमा उहाँको जोड थियो ।

कुलसेवा समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य सुरेन्द्र वास्तोला र स्थानीय आमा समुहले शब्द र स्वागत गानद्धारा आगन्तुलाई स्वागत गरिएको थियो । कार्यक्रममा पोखरामा विभिन्न पेशा व्यवसायमा संलग्न बास्तोला वन्दु र आफन्त जनको उल्लेखनीय सहभागिता रहेको थियो ।

# गण्डकीका १० स्थानमा करियर बुथ स्थापना हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

गण्डकी प्रदेशमा शैक्षिक प्रणाली कार्याशाला (आइल्याब) नेपाल कार्यक्रम अन्तरगत करियर बुथ स्थापना हुने भएको छ । प्रदेशका १० स्थानमा कार्यान्वयन र परीक्षणको रुपमा करियर बुथ स्थापनाका लागि छनोट गरिएको छ ।

बुथ संचालनका लगि छनोट भएका कर्मचारीहरुका लागि करियर बुथको मोडालिटी, संचालन र परामर्श प्रणालीवारे आइतबार पोखरामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालीमको सुद्धढिकरणका लागि आइल्याब कार्यक्रम संचालन गर्न लागिएको आइल्याब गण्डकीका संयोजक कविता तिवारी गैरेले जानकारी दिइन् । काठमाडौं विश्वविद्यालय र स्विजरल्याण्डको इटीएच जुरिच




विश्वविद्यालयको साझेदारीमा आइल्याब कार्यक्रम संचालन हुनेछ। काठमाडौं विश्वविद्यालयले आह्वान गरेको निवेदनको आधारमा करियर बुथको स्थापना र संचालनका विषय छटोन गरी गण्डकी प्रदेशको टिम छनोट भएको एन्बीक्यूएस परियोजना गण्डकी प्रदेशका प्रबन्धक चन्द्रप्रसाद तिमिल्सीनाले जानकारी दिए । करियर बुथ स्थापनाका लागि गण्डकी प्रदेशका विभिन्न शैक्षिक तथा व्यवसायिक संस्थाहरुसंग समझदारी गरिएको छ ।

जस अन्तरगत गण्डकी प्रदेस सरकार रोजगार सूचना केन्द्र, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् गण्डकी, व्यवसाय प्रवर्द्धन केन्द्र पोखरा महानगरपालिका, वालिङ नगरपालिक स्याङ्जा, माछापुच्छे गाँउपालिका कास्की, पोखरा प्राविधिक शिक्षालय फुलबारी पोखरा, किसान प्राविधिक शिक्षालय स्याङ्जा, उद्योग बाणिज्य महासंघ गण्डकी र पोखरा भ्याली टेक्निकल इन्स्टिच्युट रानीपौवा पोखरा रहेका छन् ।

करियर बुथहरुले स्थानीय युवालाई रोजगारी, सीपमूलक तालिम तथा करियर परामर्शमा पहुँच बढाउने अपेक्षा गरिएको व्यवसाय प्रवर्द्धन केन्द्र पोखरा महानगरका कार्यकारी निर्देशक नवराज अधिकारीले जानकारी दिए । महानगरको व्यवसाय प्रवर्द्धन केन्द्रमा पनि बुथ स्थापना हुने भएकाले युवाहरुले रोजगारी, सीपमूलक तालिम तथा करियर परामर्शका लागि परामर्श लिन सक्ने अधिकारीले बताए ।

पाँच प्रकृतिका व्यक्तिहरुलाई बृति बिकासका लागि आवश्यकता पहिचान गर्न बुथबाट परामर्श सेवा प्रदान गरिने सिटिइभीटी पोखरा कार्यालयका प्राविधिक अधिकृत शरद कोइरालाले जानकारी दिए । एकिकृत सेवा मार्फत टिभीइटी पढाइ गरेका वा नयाँ अध्ययन गर्न खोज्ने, तालिम, रोजगारी र उद्यमशीलताको खोजी गर्ने व्यक्तिहरुलाई बुथबाट सेवामा समन्वय गरिने छ । पुर्बपरामर्श सेवाको समयमा परामर्श र सेवा पश्चात परामर्श प्रदान गरि दीर्घकालीन रोजगारी प्राप्त गर्नको लागि आवश्यक सहयोग समेत प्रदान गरिने छ । सरकारी, गैरसरकारी र निजि क्षेत्रका सम्बन्धित संस्थाहरूसँग समन्वय गरि तालिम, सीप परीक्षण, रोजगारी, उद्यमशीलता, र सामाजिक सुरक्षा जस्ता सेवा करियर बुथ मार्फत प्राप्त गर्ने व्यवस्था मिलाइने छ ।

करियर बुथ स्थापना गरी सेवाग्राहीहरूलाई पेशागत वृति विकासका लागि आवश्यकता पहिचान गरि आवश्यक तालिम, सीप परीक्षण, रोजगार अवसर तथा उद्यमशीलता परामर्श र समन्वयात्मक सेवाहरू उपलब्ध गराई प्रदेशभित्रै दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने विश्वास लिइएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# प्रशासनिक सुधारमा इमानदारिताको खाँचो

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा भएको उच्चस्तरीय शासकीय सुधार आयोगको दोस्रो बैठकले औचित्य नदेखिएका सरकारी संस्था खारेजी, गाभ्ने वा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने विषयमा छलफल भएको छ। प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकले यसअघिका विभिन्न आयोग-कार्यदलले दिएका सुझाव प्रतिवेदनका आधारमा खारेजी, गाभ्ने र हस्तान्तरण हुन् सिफारिस भएका सरकारी निकायबारे विस्तृत अध्ययन गरी ठोस प्रस्ताव ल्याउन आयोगको कार्यान्वयन समितिलाई जिम्मेवारी दिएको छाकतिपय कार्यालय, समिति प्रतिफल दिनका लागि नभै केहीलाई जागिर ख्वाउन बनाइएका छन । सबैलाई खुशी बनाउन बनाइएका आयोग र समितिको काम बारे जनताले थाहा समेत छैन। सेवानिबृत हुने बित्तिकै अर्को नियुक्ति पाउने समिति पनि खडा गरिएका छन। देशलाई बोझ भएका त्यस्ता निकाय, समिति, कार्यालय हटाउन विगतमा पनि सुझाव दिइएका थिए। त्यसको आधारमा काम नगरि फेरि अध्ययन समिति वा आयोग गठन जनता झुक्याउन हुनुहुँदैन।

आयोगमा नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्यालको संयोजकत्वमा कार्यान्वयन समिति छ। आयोगका अध्यक्ष प्रधानमन्त्री ओलीले उद्देश्य अनुकूलको सकारात्मक परिणाम ल्याउने विकल्पसहित १५ दिनभित्र प्रतिवेदनसहितको प्रस्ताव ल्याउन कार्यान्वयन समितिलाई निर्देशन दिएका छन।जस्ले सेवा निवृत्त भएपछि नियुक्तिका लागि कानुन बनाउन लविङ गरेका थिए उनैले सुधार गर्छन भनेर विश्वास गर्ने ठाउँ देखिदैन । सार्वजनिक सेवालाई सरल, पहुँचयोग्य, मितव्ययी र झञ्झटरहित बनाउन गत वैशाख ८ गतेको मन्त्रिपरिषद्को बैठकबाट प्रधानमन्त्री ओलीको अध्यक्षतामा गठित आयोगको पहिलो बैठक गत असार ४ गते बसेको थियो।

आयोगमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेलगायत पदेन सदस्य छन । आयोगमा राजनीतिक दलमध्येबाट नेपाली काँग्रेसका उपसभापति पूर्णबहादुर खड्का र नेकपा (एमाले) का उपाध्यक्ष रामबहादुर थापा तथा विज्ञमध्येबाट तीन सदस्य थप भएपछिको यो पहिलो बैठक हो। सरकारलाई तलमाथि पार्न सक्ने शक्तिका सामु झुक्न नचाहने हो भने सुधारका लागि सिफारिस गर्न सक्छ।

बैठकमा कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिको सुझावबमोजिम संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण परिमार्जनको प्रस्ताव राष्ट्रिय समन्वय परिषदबाट स्वीकृत गरी मन्त्रिपरिषदमा पेस गर्ने विषयमा पनि जानकारी गराइएको थियो । आयोगले सेवा प्रदायक निकायहरूको भौतिक तथा मानवीय संरचना, कार्यविधि र प्रविधि सेवामैत्री बनाउने, निर्णय प्रक्रियालाई छिटो, छरितो, नतिजामूलक र सरल बनाउने, कार्यसम्पादनमा ढिलासुस्ती र दोहोरोपन हटाउन तहगत र निकायगत अन्तर-समन्वय सुनिश्चित गर्ने कार्यक्षेत्र पाएको छ।

यस्तै तीन तहका सरकारबीचको सहकार्य र समन्वय सुदृढ बनाउने, संघीयता अनुकूल हुने गरी विद्यमान प्रशासनिक संरचना, कार्यप्रक्रिया र कानुनमा सुधार गर्ने, सुशासनसम्बन्धी ऐन र कानुनमा सुधारका विषय पहिचान गर्ने, निजामती सेवालाई सक्षम, उच्च मनोबलयुक्त र उत्तरदायी बनाउने कार्यक्षेत्र आयोगमा छ । यति धेरै कार्यादेश पाएको समितिले देश र जनताप्रति इमानदार भएर सिफारिस गरेमा प्रशासनिक क्षेत्रमा सुधार हुनेछ। प्रशासनिक क्षेत्रमा सुधार आउने बित्तिकै राजनीतिक क्षेत्रमा पनि सुधार आउनेछ। प्रशासनिक र राजनीतिक क्षेत्रमा सुधार आउने बित्तिकै निजी क्षेत्र पनि सुधारिन बाध्यता हुनेछ।

# दुई करोड लागतमा राधाकृष्ण मन्दिर निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ भाद्र

अन्तरराष्ट्रिय कृष्णभावनामृत सङ्घ (इस्कोन गण्डकी) परियोजनाले बागलुङमा दाताको सहयोगमा राधाकृष्ण मन्दिर निर्माण गरेको छ।

बागलुङ नगरपालिका-१ मालढुङ्गास्थित खुदुर्केमा मन्दिर तथा सभाहल निर्माण गरिएको छ।

मन्दिर श्रीकृष्ण जन्माष्टमीका अवसरमा प्रभु पत्रीदास र महाविष्णु महाराजले उद्घाटन गर्नुभएको हो। इस्कोनका सदस्य तथा दानमुठी गर्ने भक्तजनबाट सङ्कलित रकमबाट रु दुई करोड ५० लाखभन्दा बढी रकम खर्चेर सुविधासम्पन्न सभाहलसहित मन्दिर निर्माण गरिएको हो।

इस्कोन बागलुङका संस्थापक अध्यक्ष परमेश्वर अच्युतदासले दानमुठीकै भरमा सयौँ वर्ष पुरानो यहाँको लक्ष्मीनारायण मन्दिर पनि जीर्णोद्धार गरिएको छ । यहाँको लक्ष्मीनारायण गुठीको १७ रोपनी जग्गामा इस्कोन गण्डकीको कृष्णगण्डकी परियोजना सञ्चालनमा छ । परियोजनाको पहिलो चरणमा राधाकृष्ण मन्दिर र सत्सङ्ग हल निर्माण गरेर उद्घाटन गरिएको भए पनि परियोजना सम्पन्न गर्न र रु ४३ करोडको डिपिआर बनाइएको छ।

तीन वर्षअघि निर्माण भएको डिपिआरअनुसार कृष्णगण्डकी परियोजनामा शालग्राम भगवान् को दर्शन गर्न स्नान गर्ने, अतिथि आवास गृह, सभाहल, मन्दिर र धर्मशाला निर्माण गरिनेछ । कालीगण्डकी र शालग्रामको महत्व बुझाउन गण्डकी स्नानकक्षसहित कालीगण्डकी किनारमै ध्यानस्थल पनि बनाइनेछ।

# लामाचौरको ईन्द्रराज्य लक्ष्मी माविको ७२ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र

पोखराको लामाचौरमा रहेको ईन्द्रराज्य लक्ष्मी माध्यमिक विद्यालयको ७२ औं वार्षिकोत्सव एवम् अभिभावक दिवस विभिन्न कार्यक्रम गरी सम्पन्न भएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको उद्धाटन गर्दै पोखरा महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत हेमप्रसाद आचार्यले गुणस्तरीय शिक्षाको लागि सबै सरोकारवालाको भूमिका महत्वपूर्ण हुने बताए । उनले यस विद्यालयले शैक्षिक तथा भौतिक विकासमा गरेको प्रगति लोभलाग्दो भएको बताउँदै, विद्यालय यस क्षेत्रकै शैक्षिक केन्द्र बन्न सक्ने विश्वास व्यक्त गरे। प्रधानाध्यापक केशवप्रसाद अम्गाईले विद्यालयको प्रतिवेदन पेश गर्दै माध्यमिक शिक्षा परीक्षामा औषत जिपिए ३ दशमलव ६ भन्दा माथि बनाउनका लागि पुर्व प्राथमिक तहलाई मन्टेश्वरीको अवधारणामा लगिने बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थापाले समितिले सभाहल निर्माण, विद्यालयको बस थप र छुट जग्गा दर्ता प्रक्रिया शुरु गरेको जनाए । कार्यक्रममा शिक्षा विकास तथा समन्वय ईकाइ कास्कीका प्रमुख लोकनाथ आचार्य, विद्यालयका सल्लाहकार शोभा मोहन पौडेल, महेन्द्र मावि घार्मीका प्र अ बासुदेव पौडेल,नव आदर्श सामुदायिक विकास समाजका अध्यक्ष ई दिनेश भण्डारी, विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष नेत्र बहादुर बानियाँ, शिक्षक अभिभावक संघका अध्यक्ष राजकुमार क्षेत्री लगायतले शैक्षिक गतिविधिका बारेमा बोलेका थिए। कार्यक्रममा वर्ष उत्कृष्ट शिक्षकको रूपमा मावि शिक्षक सन्तोष आचार्य सम्मानित भए। त्यस्तै सहायक प्रअ बलबहादुर श्रेष्ठ, शिक्षक पदम कुमारी अधिकारी, कमला पौडेल,सिर्जना थापा, बालकुमारी रसाइली र कार्यालय सहयोगी नारायण गौतमलाई पनि सम्मान गरियो।

कार्यक्रममा माध्यमिक शिक्षा परीक्षामा उत्कृष्ट अङ्क ल्याउने मिसन भुजेललाई नगद २५ हजार प्रदान गरिनुका साथै कक्षा १० मा अध्यापन गराउनु शिक्षकहरू वलबहादुर श्रेष्ठ, धनकुमार श्रेष्ठ,सीता पौडेल गीता कुमारी शर्मा, सन्तोष आचार्य,दीपक गौतम,दीपक आचार्य, स्वामी श्रेष्ठ,रिता अधिकारीलाई पनि सम्मान गरिएको थियो। उनीहरूलाई प्रमुख अतिथि आचार्य, ईकाइका प्रमुख लोकनाथ आचार्य, वडाध्यक्षद्वय पुष्पेन्द्र पाण्डे, अमृत शर्मा तिमिल्सिना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलबहादुर थापा, सदस्य चित्रबहादुर थापा, गोविन्द थापा लगायतले सम्मान गरे । सो अवसरमा विभिन्न समितिका संयोजक एवं सदस्यलाई सम्मान गरिएको थियो। विद्यालयले कक्षा नर्सरीदेखि १२ सम्मका विद्यार्थीलाई वर्ष २०८१को शैक्षिक पुरस्कार तथा विभिन्न छात्रवृत्ति प्रदान गर्यो। विभिन्न सांस्कृतिक नृत्य, भजन तथा झाँकी प्रदर्शन गरिएको कार्यक्रमको सञ्चालन शिक्षक सीता पौडेलले गरेकी थिइन् । करिव एक हजार विद्यार्थी अध्ययनरत विद्यालयले आगामी ३ वर्ष भित्र २ हजार विद्यार्थी पुर्याउने गरी अभियान सञ्चालन गरेको छ।

# गाउँपालिकाका सबै नागरिकको निःशुल्क बीमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ भाद्र

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा बसोबास गर्ने सबै नागरिकको निःशुल्क स्वास्थ्य बीमा गरिएको छ । गाउँपालिकाले गएको असार मसान्तसम्म पालिकामा बसोबास गर्ने चार हजार ५४३ घरधुरीका परिवार सदस्यको निःशुल्क बीमा गरेको हो।

गाउँपालिकामा बसोबास गरेका नागरिकमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले नागरिकको निःशुल्क स्वास्थ्य बीमा गरिएको छ । निःशुल्क स्वास्थ्य बीमा वापत गएको आर्थिक वर्ष २०८१/०८२ को मसान्तसम्म एक करोड ७२ लाख ७२ हजार १५० रुपैयाँ बीमा बोर्डको जिल्लास्थित कार्यालय मार्फत भुक्तानी गरेको पालिकाले जनाएको छ। कालीगण्डकीको वडा नं. १ का सात सय ७२, २ का सात सय २६, ३ का पाँच सय ८३, ४ का छ सय ६८, ५ का छ सय ८०, ६ का पाँच सय ८८ र वडा नं ७ का पाँच सय २६ गरी सबै वडाका चार हजार ५४३ घरधुरीमा बसोबास गर्ने सदस्यको निःशुल्क स्वास्थ्य बीमा गरिएको गाउँपालिकाका निःशुल्क बीमा कार्यक्रमका प्रतिनिधि दुर्गा पाण्डेले जानकारी दिए।

पहिलो चरणमा एक हजार ६१७ घरधुरीको बीमा वापत ६१ लाख ७७ हजार १५० भुक्तानी गरेको गाउँपालिकाले दोस्रो चरणमा दुई हजार १८३ परिवारलाई ८२ लाख ७० हजार ५ सय रुपैयाँ भुक्तानी गरेको छ । तेस्रो चरणमा तीन सय ९९ घरधुरीका लागि १४ लाख ९२ हजार ५० र चौँथो तथा अन्तिम चरणमा तीन सय ४४ घरधुरीका परिवार सदस्यलाई १३ लाख ३२ हजार ४५० गरि एक करोड ७२ लाख ७२ हजार १५० रुपैयाँ भुक्तानी गरिएको पालिकाले जनाएको छ।

गाउँपालिकामा बसोबास गरेका सबै घरधुरीका परिवार सदस्यलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए । उनका अनुसार पालिकाका सात वटै वडामा रहेका बीमा अभिकर्ता मार्फत बीमितको घर-घरबाट फोटो खिच्ने र रसिद काटेर ल्याएपछि फोटो र रसिदको आधारमा तथ्याङ्क सुनिश्चित गरेपछि बीमा बोर्डलाई भुक्तानी दिने गरिएको छ । आर्थिक अभावमा पालिकाबासीले स्वास्थ्य सेवाबाट बञ्चित हुन नदिन र स्वास्थ्यमा समान पहुँच पुऱ्याउन निःशुल्क बीमा कार्यक्रम गरेको अध्यक्ष थापाले बताए। उनका अनुसार न्यूनतम पाँच जनासम्मका परिवारलाई तीन हजार ५ सय र पाँच जना माथिका परिवार सदस्यको प्रतिसदस्य थप ७ सयका दरमा चार वर्षदेखि पालिका मार्फत भुक्तानी गरिन्छ। गाउँपालिकामा बसोबास गर्नेको आर्थिक वर्ष २०७८/०७९ देखि निःशुल्क स्वास्थ्य बीमा गरिदै आएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले बताए। बीमा सहित गाउँपालिकाको मिर्मिमा सञ्चालित कालीगण्डकी अस्पतालबाट दिइने सबै सेवा, उपचार र औषधी समेत स्थानीयले निःशुल्क पाउने गरेका छन्।

# सार्दीखोला पोखरा सम्पर्क समितिको चेलीबेटी भेटघाट

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ भाद्र




सार्दीखोला पोखरा सम्पर्क समितिको आयोजनामा आइतबार चेलीबेटी भेटघाट तथा दर खाने कार्यक्रम सम्पन्नता भएको छ।

तीजको अवसरमा आयोजना गरिएको कार्यक्रममा सार्दीखोला माइतीघर भएका पोखरा महानगर बस्ने चेलीबेटीहरुको सहभागिता रहेको थियो।कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले कार्यक्रमको उद्धाटन गर्दै चेलीबेटीलाई माइतीले संझेर रमाइलो गर्नु सह्रानीय कार्य भएको बताइन । उनले तीजले चेली र माइतीको मिलन गराउने संस्कृतिलाई परिस्कृत गर्दै लैजानुपर्नेमा जोड दिइन । सार्दीखोला सम्पर्क समितिका अध्यक्ष बम बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार मीना कुमारी गुरुङ, प्रथम उपाध्यक्ष लोकनाथ आचार्य, माछापुच्छे गाउँपालिका प्रवक्ता गणेश आचार्य लगायतले चेलीबेटीलाई एकै ठाउँमा जम्मा गरेर रमाइलो वातावरण वनाउने काम गर्दै आएको र आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाए । सम्पर्क समितिका सचिव अनिल गुरुङले संचालन गरेको कार्यक्रममा नाचगान र बम्पर उपहार प्रदान गरिएको थियो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

HIMALAYAN LIFE
**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|
| GLi ६११०००३०१ | अंकाक्षा थापा | निर्मलपोखरी वडा नम्बर २, कास्की |
| GLi ६११०००३०० | आइशा थापा | निर्मलपोखरी वडा नम्बर २, कास्की |
| PLi १६१०००३०६० | बसन्त कुमार पौडेल | आरुखर्क २ स्याङ्जा |

# ऋण चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति २०८२/०५/०२**

यस **पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड** बाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित र मिति २०८२/०१/२७ गतेको ढोरपाटन राष्ट्रिय पत्रिका मार्फत सार्वजनिक सूचना गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा धन जमानत बस्ने व्यक्तिले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलामी प्रकृया अगाडी बढाई संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी सदस्य एवम् धन जमानतको विवरण |
|---|---|
| १ | • ऋणी सदस्य : वाशुदेव भट्टराई<br>• बाबु : चक्रपाणि भट्टराई<br>• बाजे : काले भट्टराई<br>• ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा वडा नं. ९ हाल : तनहुँ जिल्ला व्यास न.पा. १०<br>• धन जमानत दिने : ज्योति लामिछाने भट्टराई<br>• ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा वडा नं. ९ हाल : तनहुँ जिल्ला व्यास न.पा. १० |

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

# बेनी प्रदेश अस्पताल : नयाँ भवनबाट अन्तरङ्ग र बहिरङ्ग सेवा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ भाद्र



प्रदेश अस्पताल बेनीले अन्तरङ्ग र बहिरङ्ग विभागको सेवा नयाँ भवनबाट थालिएको छ। करिब आठ वर्ष अस्थायी भवनको साँघुरा भवनका कोठाबाट सञ्चालन हुँदै आएको उपचारकक्ष नयाँ भवनमा स्थानान्तरण भएपछि बिरामीको उपचार सहज भएको छ। प्रदेश अस्पतालका प्रमुख डा रविरञ्जन प्रधानले नयाँ भवनको भुइँतलामा बहिरङ्ग र पहिलो तलामा अन्तरङ्ग सेवा सञ्चालन गरेको जानकारी दिनुभयो।

"पुराना र अस्थायी भवनका साँघुरा कोठामा बिरामीलाई कठिन र स्वास्थ्यकर्मी तथा चिकित्सकलाई अप्ठ्यारो पर्नु स्वाभाविक थियो", उहाँले भन्नुभयो, "व्यवस्थापकीय चुनौतीलाई चिर्दै शल्यक्रिया, प्रसूति र फार्मेसी कक्षलाई पनि नयाँ भवनमा सार्ने तयारीमा छौँ।" अस्पताल व्यवस्थापन समितिमार्फत भवन निर्माण गर्ने कार्यालय र निर्माण व्यवसायीसँग समन्वय गरेर नयाँ भवनमा सेवा सञ्चालन गर्न उपसमिति गठन गरेर पहल गरिएको प्रमुख डा प्रधानले बताउनुभयो। ज्येष्ठ नागरिक, बालबालिका, महिला, पुरुष र शल्यक्रिया गरेका बिरामीका लागि छुट्टाछुट्टै उपचारकक्षको व्यवस्था गरिएको छ। अन्नपूर्ण गाउँपालिका-१ दोवाका अमृत गर्बुजाले नयाँ भवनमा सेवा पाउँदा सहज भएको बताउनुभयो। विसं २०७२ मा १५ बाट ५० शय्यामा स्तरोन्नति भएको बेनी अस्पताल विस्तारित क्षमताअनुसारको भवन निर्माणमा ढिलाइ हुँदा सेवा प्रवाहमा समस्या भएको थियो। पक्की भवन बनाउनका लागि २०७४ सालमा पुरानो बहिरङ्ग विभागको भवन भत्काएपछि अस्थायी भवन बनाएर सेवा सञ्चालन गरिएको थियो। तीनवटामध्ये प्रयोग गर्न मिल्ने भएको एउटा भवनलाई प्रयोगमा ल्याएको र बाँकी भवनलाई पूर्णता दिन ताकेता गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएकी जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले जानकारी दिनुभयो।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले अस्पताल भवन निर्माणका लागि निर्माण कम्पनी र सहरी विकास तथा भवन आयोजना बागलुङसँग २०७३ मङ्सिर २१ गते सम्झौता भएको थियो। रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता भएको योजना लक्ष्यअनुसार २०७६ मङ्सिर २० गते सम्पन्न हुनुपर्ने थियो। पञ्चानब्बे प्रतिशत भौतिक प्रगति भएको बेनी अस्पतालको भवन निर्माण यही भदौभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने लक्ष्य रहेको आयोजना प्रमुख कृष्णकुमार मर्हजनले बताउनुभयो।

चार हजार ९६३ वर्गमिटर क्षेत्रफलमा निर्माण गरिएको चारतले तीनवटामध्ये दुईवटा भवनको भित्री भाग पलास्टर र रङरोगन गर्न, विद्युत्, पानी जडान गर्न, झ्यालढोका र टायल राख्ने काम अन्तिम चरणमा पुगेको छ। अस्पताल प्रवेश गर्ने र बाहिरिने पाँच सय मिटर सडक प्रिमिक्स कालोपत्र गरिएको छ। भूकम्प प्रतिरोधी क्षमताको भवन अपाङ्गमैत्री छ। भवनको भुइँतलामा लोन्डरी, मोर्टुअरी, किचन, पहिलो तलामा आकस्मिक, प्रयोगशाला, रेडियोलोजी, पहिलो तलामा शल्यक्रिया कक्ष, बहिरङ्ग सेवा र अन्तिम तलामा प्रशासन रहने जनाइएको छ।

# कोरियामा उच्च शिक्षा अध्ययन गर्न जाने विद्यार्थीहरुका लागि प्रशिक्षण तथा विदाई कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १ भाद्र




Connecting World Education Foundation–CWEF महेन्द्रपुल, पोखराले सेप्टेम्बर इन्टेक २०२५ को लागि उच्च शिक्षा अध्ययन गर्न कोरिया जाने विद्यार्थीहरूको विशेष प्रशिक्षण तथा विदाई कार्यक्रम गरेको छ।

संस्थाका सिइओ भरत थापाको अध्यक्षतामा शनिबार सम्पन्न गरेको छ। सो अवसरमा कोरिया गइसकेपछि विद्यार्थीहरूले पालना गर्नुपर्ने इमिग्रेशनका नियमहरूको बारेमा विस्तृत रुपमा प्रकाश पार्नुको साथै विद्यार्थीहरूले सानो लापरवाही तथा हेलचक्राईले गर्दा ठूलो जरिवाना तिर्नुपर्ने, वर्क पर्मिट लिँदा तथा भिजा थप्दा समेत समस्याहरू आइपर्न सक्ने तथा नेपाल फिर्तासम्म हुनुपर्ने कुरामा समेत सचेत गराउनुभएको थियो।

उक्त कार्यक्रममा प्रमुख अतिथि हिमालय अफसेट प्रेसका सञ्चालक नारायण भण्डारीले विद्यार्थीहरूले आफ्नो अध्ययन पूरा गरिसकेपछि आफूले कोरियामा आर्जन गरेको ज्ञान, सीप र पुँजीलाई नेपालको विकासमा लगाउनु पर्ने कुरामा जोड दिनुभएको थियो। कनेक्टिङ वर्ल्ड एजुकेशन फाउण्डेशन (सिडब्लुइएफ)का सञ्चालक वरिष्ठ कोरियन भाषा प्रशिक्षक तथा कोरियन पुस्तक लेखक सुमन थापाले कुनै पनि क्षेत्रमा सफलताका लागि संघर्ष गर्नुपर्ने तथा कोरियाको विद्यार्थी जीवनमा कोरियन भाषाको अपरिहार्यताको बारेमा जानकारी गराउनु भएको थियो। सो अवसरमा कोरियन भाषा प्रशिक्षकहरू विष्णु थापा, गुरुप्रसाद कोइराला, स्काइलिंक एजुकेशन फाउण्डेशनका सञ्चालक गुमान सिंह गुरुङ, कोरियामा लामो समय विद्यार्थी जीवन बिताएर आउनुभएका केदारनाथ बजगाई समेतले कोरियामा आफूहरुले भोगेको चुनौतीहरूको बारेमा सल्लाह तथा सुझाव दिँदै विद्यार्थीहरूलाई कोरियाको विद्यार्थी जीवनको सफलताको शुभकामना दिनुभएको थियो। त्यस्तै सेप्टेम्बर इन्टेक २०२५ मा IELTS मा सर्वोकृष्ट अंक ल्याउन सफल पोखराका सुवास तामाङलाई संस्थाका IELTS प्रशिक्षक दुर्गासिंह गुरुङले सम्मान गर्नुभएको थियो। वरिष्ठ भाष प्रशिक्षक तथा सञ्चालक निशान्त थापाले स्वागत मन्तव्य व्यक्त गर्नु भएको कार्यक्रममा विदाईको त्यो क्षणलाई यादगार बनाउनका लागि विद्यार्थीहरूले आफ्ना प्रतिभाहरू समेत प्रस्तुत गरेका थिए।

Connecting World Education Foundation विगत १० वर्षदेखि कोरियाको रोजगारीको लागि E-9 भिसामा, अध्ययनको लागि विद्यार्थी भिसामा र कोरियन भाषामा समर्पित यस संस्थाले अहिलेसम्म दर्जनौं कोरियन भाषाका पुस्तकहरु प्रकाशन गरेको छ भने सेप्टेम्बर इन्टेक २०२५ को लागि विद्यार्थी भिसामा यस संस्थाबाट १०० प्रतिशत भिसा अप्रुभ भएको वरिष्ठ कोरियन भाषा प्रशिक्षक तथा सञ्चालक निशान्त थापाले जानकारी दिनुभएको थियो।

# आठ वर्षपछि गाउँपालिकाको भवन बन्दै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १ भाद्र

यहाँको थासाङ गाउँपालिकाको प्रशासकीय भवन बनाउन आठ वर्षपछि बाटो खुलेको छ। लामो समयदेखि प्रशासकीय भवनका लागि केन्द्रको विषयमा विवाद हुँदा काम अगाडि बढ्न सकेको थिएन।

केन्द्रको विवाद समाधानसँगै सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी बुधबार भवनको शिलान्यास गरिएको छ। गाउँपालिका अध्यक्ष प्रदीप गौचन र उपाध्यक्ष सोमल हिराचनले संयुक्त रूपमा प्रशासकीय भवनको शिलान्यास गर्नुभएको हो। आफ्नै भवन नभएपछि यहाँ २०७३ फागुन १६ गतेदेखि गाउँपालिका-२ कोबाङबाट भाडाको घरबाट सेवा प्रवाह गर्दै आएको थियो। अब भने आगामी विसं २०८३ फागुन मसान्तसम्म भवन निर्माण गर्ने गरी काम अगाडि बढेको वडा नं २ का अध्यक्ष गौतम शेरचनले जानकारी दिनुभयो। उहाँका अनुसार गत महिनामै शर्मा अनिष एन्ड आशिष जेभीसँग रु आठ करोड ४९ लाख दुई हजार ६१ को लागतमा भवन निर्माण सम्झौता गएको थियो। भवन नेपाल सरकार सहरी विभाग स्थानीय पूर्वाधार आयोजनाको ६० प्रतिशत र गाउँपालिकाबाट ४० प्रतिशत लगानीमा निर्माण हुनेछ। गाउँपालिकाका इन्जिनियर त्रिलोचन गिरीले जसमा तीनतले सुविधा सम्पन्न भवन बन्नामा सभाहलसहित ३० वटा कोठा र परिसरमा आवश्यक पूर्वाधार निर्माण गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "भवन निर्माणका लागि स्थानीय समाजसेवी, बुद्धिजीवी र अगुवा व्यक्तित्व विष्णु शेरचनले डेढ रोपनी, प्रदीप गौचन र प्रवीण गौचनले तीन रोपनी, दुरेन्द्र शेरचनले एक रोपनी र रत्न शेरचनले आधा रोपनी जग्गा निःशुल्क दान गर्नुभएको थियो।" गाउँपालिका अध्यक्ष गौचनले पालिकाको भवन समयमै सम्पन्न गर्न निर्माण व्यवसायीलाई अनुरोध गर्नुभएको थियो।

## मालपोत कार्यलय कास्की पोखरा बाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*सूचना प्रकाशित मिति २०८२/०४/२८*

कास्की जिल्ला मौजे पौदी ६५ नं. जि.मु. भोलानाथ पाध्या जीम्मा ०९।५।१३।५ का चक्रे समेत जवी १३ को निवेदन ११।४।१४।५ का डाइरेक्टर ऋषिका आदेस ११।५।१६।४ का घ द मु समेत बमोजिम २०११ साल देखि तिरो आउने गरी पाखा तर्फको नम्बरी दर्ता भएको टोमने दमैको नाँउमा मोठ लगत अनुसार साविक दर्ता भएको, २०३१ साल सम्मको तिरो सानो चुडे दमैको नाम बाट तिरेको, भु.सु. ७ नं. फारममा सानु चुडे दमैले नै लगत दिएको सर्भे नापीमा लुकुमस्वारा वडा नं. ८ कि.नं. ८३ क्षे.फ. २-०-०-१ विरहमा खर किसिममा भिर चाहार भएको जग्गा फिल्डबुकमा सानो चुडे दमैको नाउँमा कायम भएको कि.का. भई दर्ता छुट हुन गएको हाम्रा बाबा सानु चुडे दमैको मिति २०४५/४/१ मा मृत्यु भएको मृतकको एक मात्र श्रीमती नन्दकली परियारको मिति २०४७/११/१३ मा मृत्यु भएको मृतक दम्पतीबाट दुई भाई छोरा बुद्धिराम परियार र झलक बहादुर परियारको जायजन्म भएको निवेदकहरुले नै भोगचलन गर्दै आईरहेको उक्त जग्गा हाम्रो नाउँमा छुट दर्ता गरि पाउँ भनी कास्की जिल्ला साविक पुम्दीभुम्दी-५, हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने झलक बहादुर परियार र बुद्धिराम परियारले यस कार्यालयमा सँयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारबाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट दर्ता बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनु होला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लुकुमस्वारा | ८ | ८३ | २-०-०-१ | खर | भिर चाहार | सानो चुडे दमाई |

ईति संवत २०८२ साल साउन २८ गते रोज ४ शुभम्

## पवित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-९, पृथ्वीचोकको

## १४ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन सम्बन्धी सूचना

यस पवित्र बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८२/०४/१८ गते आइतबार बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार निम्न मिति समय र स्थानमा संस्थाको १४ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन हुने भएको हुदाँ शेयर सदस्यहरुले यसै सूचनालाई आधिकारिक निमन्त्रणा मानि अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं। साथै वार्षिक साधारण सभामा प्रत्यक्ष उपस्थित भई उपस्थिती जनाउने शेयर सदस्यज्यूहरुलाई यातायात खर्च उपलब्ध गराइने छ।

**छलफलका विषयहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षको बार्षिक प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा।
२. लेखा सुपरिक्षेण समितिको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा।
३. आ.व. २०८१/८२ को लेखा परिक्षणको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा।
४. आ.व. २०८१/८२ को कोषाध्याक्षको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा।
५. आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम तथा अनुमानित बजेट प्रस्तुत र पारित सम्बन्धमा।
६. निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियुक्ति सम्बन्धमा।
७. व्याव दर घटबढ गर्न गराउन संचालक समितिलाई अख्तियार दिने सम्बन्धमा।
८. कोषको बाँडफाड सम्बन्धमा।
९. समितिका पदाधिकारी, सल्लाहकार, शेयर सदस्यहरुको बैठक भत्ता तथा यातायात खर्च सम्बन्धमा।
१०. विविध

**सभा हुने मितिः** २०८२ असोज ०६ गते सोमबार
**स्थानः** साइमन पार्टि प्यालेस सिर्जनाचोक पोखरा
**समयः** बिहान ९:०० बजे

*नोटः प्रत्येक शेयर सदस्यज्युहरुले आ-आफ्नो पासबुक वा सदस्य नं. सहित उपस्थित भईदिनु हुन अनुरोध गर्दछौं। साथै खानाको मात्र व्यवस्था गरिएको छ।)*

***थप जानकारीको लागिः***

सर्म्पक नं. ०६१-५७१०६३, ९७६२८६४८६३, ९८२२३९४१६३, ९८५६०२२३६०, ९८५६०३८४४५, ९८४६०८५९२०, ९८५६०५३५१०, Gmail: bachatpabitra@gmail.com
Facebook: Pabitra Saving


**(चन्द्रा रानाभाट)**
**सचिव**

## सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८२/०५/०२**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८२/०३/१३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने, मिति २०८२/०४/१८ गते पोखरा राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सार्बजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः तेस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी ०७ (सात) दिने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धनि जमानी कर्ताहरुलाई जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ। अन्यथा तपाइले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल-अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशील**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| २. | १. नाम : सुरेन्द्रमणी पौडेल<br>जन्म मिति : २०४३/०३/२६<br>ना.प्र.न. : ४६१४८९४१<br>जारी मिति : २०६१/०४/१३ कास्की<br>बाब : सूर्यमणी पौडेल<br>बाजे : देवी प्रसाद पौडेल<br>ठेगाना : लेखनाथ, ६<br>हाल : पोखरा-२६,<br>सम्पर्क नं : ९८५६०२९३०८ |  | १. नाम : सुर्यमणी पौडेल<br>बाबु : देवी प्रसाद पौडेल<br>ठेगाना : साविक लेखनाथ ६<br>हाल : पोखरा-२६ |  |

**धितो विवरणः** श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक शिशुवा वडा नं -८ स्थित कित्ता नं ३९९९ को क्षेत्रफल ०-९-३-२ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**